# स्थानीय राजपत्र


## पाँचखाल नगरपालिकाद्वारा प्रकाशित

खण्ड १०)   (सङ्ख्या ३   असार ३१ गते, २०८३ साल


## भाग १

## पाँचखाल नगरपालिका

### पाँचखाल नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८३ सालको ऐन नं. ३

## पाँचखाल नगरपालिकाको खानेपानी तथा सरसफाई सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना :** पाँचखाल नगरपालिकाका बासिन्दाहरूलाई सुरक्षित रूपमा व्यवस्थित, गुणस्तरयुक्त सुलभ, भरपर्दो र प्रभावकारी खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, नेपालको संविधानद्वारा स्थानीय सरकारलाई प्रदत्त खानेपानी तथा सरसफाइ सेवाको जिम्मेवारी तथा दायित्व परिपूर्ति गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पाँचखाल

नगरपालिकाभित्र खानेपानी तथा सरसफाइ बोर्ड स्थापना गर्न वाञ्छनीय भएकोले, पाँचखाल नगरपालिकाको १९ औं नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**:

(१) यस ऐनको नाम "पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाइ बोर्ड ऐन, २०८३" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले दफा ७ बमोजिम गठित कार्यकारी समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ।

ख) "उपभोक्ता" भन्नाले बोर्डको भौगोलिक क्षेत्रभित्र घरेलु, भण्डारण, बागवानी, औद्योगिक, व्यावसायिक, मनोरञ्जनात्मक, वातावरणीय र अन्य लाभदायक प्रयोजनका लागि पानीको उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले यो पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाइ बोर्ड ऐन, २०८३ सम्झनु पर्छ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले बोर्डको दैनिक कार्य सञ्चालन गर्न दफा १३ बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ।

(ङ) “कार्यकारी समिति” भन्नाले दफा ७ बमोजिम गठन गरिएको बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

(च) ‘‘कार्यपालिका’’ भन्नाले पाँचखाल नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) “खानेपानी सेवा” भन्नाले तोकिएको मापदण्ड अनुरूप खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगका लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनाइएको नियमावली, विनियमावली वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) “नगरपालिका” भन्नाले पाँचखाल नगरपालिका सम्झनु पर्छ ।

(ञ) “नगरसभा” भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठित नगरसभा सम्झनु पर्छ ।

(ट) “बोर्ड” भन्नाले यस ऐनको दफा ३ बमोजिम स्थापना भएको पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाइ बोर्ड सम्झनु पर्छ।

(ठ) “भौगोलिक क्षेत्र” भन्नाले यस ऐनको दफा ५ बमोजिसम बोर्डलाई खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न अधिकार प्रदान गरिएको भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

(ड) “महसुल” भन्नाले सेवा प्रदान गरेबापत बोर्ड (सेवा प्रदायक) लाई उपभोक्ताले तिर्नु वा बुझाउनुपर्ने शुल्क सम्झनु पर्छ ।

(ढ) “महसुल निर्धारण समिति” भन्नाले खानेपानी तथा सरसफाइ ऐन, २०७९ बमोजिम गठन भएको महसुल निर्धारण समिति सम्झनु पर्छ।

(ण) “सदस्य” भन्नाले बोर्डको कार्यकारी समितिको सदस्यलाई सम्झनु पर्छ र यो शब्दले बोर्डको अध्यक्षलाई समेत जनाउँछ।

(त) “सरसफाइ सेवा” भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, विकास, सञ्चालन तथा प्रवर्धन गर्ने कार्यलाई समेत जनाउँछ।

(थ) “सेवा” भन्नाले खानेपानी सेवा वा सरसफाइ सेवा सम्झनु पर्छ।

(द) “सेवा प्रणाली” भन्नाले खानेपानी वा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले निर्मित वा जडान गरिएका पाइप, इन्टेक, विद्युतीय लाइन, पानी मिटर एवं उपकरण, पम्प र पम्पिङ स्टेशन, संकलन ट्याङ्की, प्रशोधन प्लान्ट र यस्तै प्रकारका अन्य उपकरण वा पूर्वाधार सम्झनु पर्छ।

(ध) “सेवा प्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने अनुमति पत्र प्राप्त संस्था सम्झनु पर्छ।

(न) “व्यवस्थापन टोली” भन्नाले बोर्डको दैनिक कार्य सम्पादन गर्न कार्यकारी निर्देशक अन्तर्गत रहने कर्मचारीहरूको समूहलाई सम्झनु पर्छ।

## परिच्छेद २

## बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

**३. बोर्डको गठन**:

(१) नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी दफा ५ बमोजिम निर्दिष्ट भौगोलिक क्षेत्रमा प्रभावकारी रूपमा सेवा प्रदान गर्न खानेपानी तथा सरसफाइ बोर्ड गठन गर्नेछ ।

(२) बोर्डले प्रदान गर्ने सेवाहरूका लागि इजाजतपत्र सम्बन्धी व्यवस्था, त्यसमा समावेश हुने विषय र यससँग सम्बन्धित अन्य सबै कुरा प्रचलित कानून बमोजिम हुनेछन् ।

(३) पाँचखाल नगरपालिकाभित्र सेवा प्रदान गरिरहेका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था लगायत अन्य अनुमतिप्राप्त सेवा प्रदायकहरूबाट सञ्चालन तथा व्यवस्थापन भइरहेका संस्थाहरू प्रचलित कानुनको अधीनमा रही बोर्डमा हस्तान्तरण भइआएमा वा सो संस्थाको विधान बमोजिम विगठन भई सो संस्थाले बोर्डमा समाहित हुने निर्णय गरेमा सो संस्थासँग सम्बन्धित खानेपानी तथा सरसफाइ प्रणालीको संरचना तथा उपकरणहरू, सेवा प्रणाली र सोसँग सम्बद्ध सम्पत्ति तथा दायित्व बोर्डको हुनेछ ।

(४) उपदफा (३) बमोजिम मौजुदा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था लगायत अन्य अनुमतिप्राप्त सेवा प्रदायकहरूबाट सञ्चालन तथा व्यवस्थापन भइरहेका संस्थाहरूको सम्पति र दायित्व बोर्डमा हस्तान्तरण गर्दा प्रचलित कानुन बमोजिम लेखा परीक्षण गरेर मात्र गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम हस्तान्तरण भई आएको खानेपानी तथा सरसफाइ प्रणालीको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार तथा विस्तार गर्ने जिम्मेवारी बोर्डको हुनेछ ।

**४. बोर्ड स्वायत्त संस्था हुने**:

(१) बोर्ड अविछिन्न उत्तराधिकारवाला एक स्वायत्त संगठित संस्था हुनेछ ।

(२) बोर्डको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न वा खरिद गर्न, उपभोग गर्न, बेचबखन गर्ने वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस वा उजुर गर्न सक्नेछ ।

(५) बोर्डले आफ्नो उद्देश्य प्राप्तिका लागि करार सम्झौता गर्न सक्नेछ ।

(६) बोर्डको मुख्य कार्यालय पाँचखाल नगरपालिका तामाघाटमा रहनेछ ।

**५. बोर्डको भौगोलिक क्षेत्र**:

(१) दफा ३ बमोजिम गठन भएको बोर्डको भौगोलिक क्षेत्र बोर्ड गठन गर्दाको बखत नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरेको सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको भौगोलिक क्षेत्र हेरफेर गर्न आवश्यक परेमा नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

**६. बोर्डको काम, कर्तव्य र अधिकार**:

(१) यस ऐनमा अन्यत्र व्यवस्था गरिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाबाट बोर्डलाई हस्तान्तरण भई आएका खानेपानी तथा सरसफाइ आयोजनाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) सेवा प्रणाली प्राप्त गर्ने, निर्माण गर्ने, सञ्चालन गर्ने र मर्मतसम्भार गर्ने, विस्तार गर्ने, सुधार गर्ने र पुन: स्थापना गर्ने,

(ग) आफूले प्रदान गर्ने सेवाको उपयोग सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने,

(घ) आफ्नो भौगोलिक क्षेत्राधिकार भित्र खानेपानी सेवा प्रदान गर्न आवश्यक पर्ने पानीका स्रोतहरू व्यवस्थापन गर्ने ।

(ङ) सेवाको दुरूपयोग र पानीका स्रोतहरू प्रदूषित हुन नदिन आवश्यक नीति तर्जुमा र कार्यान्वयन गर्ने,

(च) लागत उठ्ती (कष्ट रिकभरी), अनुदान, र महसुल योजना लगायत सेवाहरूको व्यवस्था सम्बन्धी अध्ययन गर्ने, र रणनीति, निर्देशिका तथा कार्यान्वयन योजना तयार गर्ने,

(छ) दिगो सेवाहरूका लागि प्राविधिक, आर्थिक र वित्तीय व्यवहारिकता निर्धारण गर्न सम्भाव्यता अध्ययन गर्ने,

(ज) सेवा प्रणालीसँग सम्बन्धित अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने,

(झ) सेवाहरूको प्रभावकारी सञ्चालनका लागि आवश्यक लगानी निर्धारण गरी वित्तीय लगानी योजना तयार गर्ने,

(ञ) सेवाहरूको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमका स्रोतहरू पहिचान गरी प्राप्त गर्ने,

(ट) प्रचलित कानून बमोजिम आफ्नो सेवाको महसुल निर्धारण गराउने,

(ठ) प्रदान गरिएका सेवाहरू बापत निर्धारित शुल्क लगाई उपभोक्ताहरूबाट सङ्कलन गर्ने,

(ड) उपभोक्ताहरूलाई गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक व्यवस्था गर्ने,

(ढ) कुनै व्यावसायिक सेवा प्रदायकबाट पूर्ण वा आंशिक सेवा प्राप्त गर्न आवश्यकभएमा त्यस्ता सेवाहरूको व्यवस्थाका लागि करार सम्झौता गर्ने,

(ण) उपभोक्ताको गुनासो सुन्ने र गुनासो सम्बोधन गर्ने,

(त) प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(थ) सेवा प्रवाहको सामाजिक र वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, सामाजिक समावेशिता, लैङ्गिक समानता तथा वातावरणीय संरक्षण सुनिश्चित गर्न नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(२) आफ्ना उद्देश्यहरू प्राप्तिका लागि बोर्डले देहायका कार्य गर्नेछः

(क) सबै वर्ग, समुदाय र लैङ्गिक समानताका आधारमा समावेशी सेवा प्रवाह र सहभागिता सुनिश्चित गर्ने ।

(ख) लागू हुने अन्य नीति, योजना, कानून र नियमवलीहरूका अतिरिक्त सम्बन्धित खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँग सम्बन्धित नीति, योजना, कानून र नियमावली बमोजिम आफ्नो अधिकार प्रयोग गर्ने ।

(ग) सञ्चालन तथा मर्मतसम्भार लागत, ह्रास कट्टी, परिशोधन र ऋण भुक्तानीका लागि आफ्नो आम्दानी पर्याप्त रहेको सुनिश्चित गर्न ठोस व्यावसायिक सिद्धान्तहरू अनुरूप कार्यसञ्चालन गर्ने ।

(ङ) भरपर्दो, समावेशी र दिगो खानेपानी तथा सरसफाइ सेवाहरूमा उपभोक्ताको माग पूरा गर्न र पाँचखालका वासिन्दा प्रति विश्वास तथा जवाफदेहिता सुदृढ गर्न ग्राहक सन्तुष्टि र उत्तरदायित्वलाई प्राथमिकता दिने ।

(च) आधुनिक व्यवस्थापन अभ्यासहरू अवलम्बन गर्ने, दक्ष कर्मचारी नियुक्त गर्ने र दक्षता तथा जवाफदेहिताको संस्कृतिलाई बढावा दिने जस्ता व्यावसायिक व्यवस्थापन अभ्यासहरू अनुसरण गर्ने।

(छ) सेवाको सञ्चालनमा वातावरणीय संरक्षण र जलवायु अनुकूलनका उपायहरू अपनाउने।

(ज) नवीनतम प्रविधि र सूचना प्रविधिको सदुपयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने।

## परिच्छेद ३
## कार्यकारी समितिको संरचना

**७. कार्यकारी समितिको गठन**:

(१) बोर्डले सम्पादन गर्ने कामकारबाहीको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्न एक कार्यकारी समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:

(क) प्रमुख, पाँचखाल नगरपालिका

– अध्यक्ष

(ख) उपप्रमुख, पाँचखाल नगरपालिका

– उपाध्यक्ष

(ग) नगर कार्यपालिका सदस्यमध्येबाट कम्तिमा एक जना महिला सहित कार्यपालिकाले मनोनित गरेका तीन जना

– सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत, पाँचखाल नगरपालिका

– सदस्य

(ङ) अध्यक्षले मनोनीत गरेको खानेपानी तथा सरसफाइ विज्ञ एक जना

- सदस्य

(च) सामाजिक तथा वित्त क्षेत्रमा उल्लेखनीय काम गरेका व्यक्तिहरूमध्ये अध्यक्षले मनोनीत गरेका विज्ञ एक जना

- सदस्य

(छ) दफा ३ को उपदफा (३) बमोजिम बोर्डमा हस्तान्तरण भइ आएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमध्येबाट कार्यकारी समितिले मनोनित गरेका तीन जना

– सदस्य

(३) उपदफा (२) को (ग), (ङ), (च) र (छ) बमोजिमका मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।उपदफा (२) को खण्ड (छ) बमोजिमका मनोनित सदस्यहरूको पदावधि सकिएपछि सदस्यहरूको पद स्वतः खारेज भएको मानिनेछ ।

(४) उपदफा (२) को खण्ड (ङ), र (च) अन्तर्गत नियुक्त कार्यकारी समितिका सदस्यहरूको योग्यता र अनुभव तोकिए बमोजिम हुनेछ ।

(५) बोर्डले आवश्यक ठानेमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने काममा संलग्न कुनै पनि स्वदेशी वा विदेशी विज्ञ वा सल्लाहकारलाई पर्यवेक्षक वा सल्लाहकारको रूपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**(६)** कार्यकारी निर्देशकले बोर्डको सचिवको रूपमा काम गर्नेछ।

(७) उपदफा २ को खण्ड (ग, ङ, चर ६ बमोजिमका मनोनित सदश्यहरूले अध्यक्ष समक्ष आफ्नो कार्यभार समाल्नु अघि अनूसुची बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ)

**८. बोर्डको कार्यकारी समितिका सदस्यको पद रिक्त हुने अवस्था**:

(१) देहायको कुनै अवस्थामा कार्यकारी समितिका सदस्यको पद रिक्त भएको मानिनेछः

(क) निजले अध्यक्ष समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) निजको पदावदी समाप्त भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भएमा,

(घ) अधिकारप्राप्त निकायद्वारा निज दामासाहीमा परेको घोषणा भएमा,

(ङ) पूर्वसूचना बिना कार्यकारी समितिको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा।

**९. कार्यकारी समितिको रिक्त सदस्यको पदपूर्ति** : **(१)** दफा ८ मा उल्लिखित कुनै कारणले कार्यकारी समितिको सदस्यको पद रिक्त हुन गएमा सो रिक्त पद निजको सुरू नियुक्तिका लागि प्रयोग गरिएको मापदण्ड र प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ। नवनियुक्त सदस्यले रिक्त हुन गएको सदस्यको कार्यकालको बाँकी अवधिका लागि सेवा गर्नेछन्।

(२) रिक्त स्थानको पूर्ति: कार्यकारी समितिका मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि जुन तरीकाबाट मनोनयन भएको हो, सोही तरीकाबाट मनोनयन गरी रिक्त पदको पूर्ति गरिनेछ।

**१०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:**

**(१)** कार्यकारी समितिको काम**,** कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्डको लक्ष्य, दूरदृष्टि, रणनीतिक योजना, नीति र नियम तर्जुमा गर्ने, जनशक्ति, प्रशासन, व्यवस्थापन, महसुल, गुनासो व्यवस्थापन र वित्त सम्बन्धी विषयहरू लगायत बोर्डको काम कारबाही सञ्चालन सम्बन्धी विनियमावली तथा निर्देशिका तयार गर्ने।

(ख) कानून, योजना र मापदण्ड बमोजिम प्रभावकारी र दक्ष सेवा प्रवाह सुनिश्चित गर्न व्यवस्थापन टोलीको कार्यसम्पादन अनुगमन गर्ने।

(ग) वार्षिक बजेट, लगानी योजना र वित्तीय प्रतिवेदन स्वीकृत गर्ने।

(घ) सञ्चालन, वित्तीय, नियामक, र वातावरणीय जोखिम सहित प्रमुख जोखिमहरूको पहिचान, मूल्याङ्कन र व्यवस्थापनको निगरानी गर्ने।

(ङ) संस्थागत सुशासन सम्बन्धी मापदण्ड र आचार संहिता तयार गरी कार्यान्वयन गर्ने।

(च) लगानी प्राप्त तथा आकर्षित गर्ने प्रयासहरूलाई मार्गदर्शन गर्ने र दीर्घकालीन वित्तीय दिगोपना सुनिश्चित गर्ने।

(छ) लागू हुने नीति र नियामक आवश्यकताहरूको अनुपालन सुनिश्चित गर्ने।

(ज) प्रमुख कार्यसम्पादन सूचकहरूका आधारमा बोर्डको कार्यसम्पादनको अनुगमन गर्ने।

(झ) बोर्डको काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने।

(ञ) बोर्डको वित्तीय प्रतिवेदनहरूको लेखापरीक्षण गर्न एक लेखापरीक्षक नियुक्त गर्ने।

(ट) विभिन्न प्रतिवेदनहरू स्वीकृत गर्ने र यस ऐन बमोजिम कार्य गर्ने।

(ठ) बोर्डद्वारा प्रदान गरिएको सेवाहरूका सम्बन्धमा सम्बन्धित अधिकारीबाट प्राप्त निर्देशन र आदेशहरूको पालना भएको सुनिश्चित गर्ने।

(ड) यस ऐन बमोजिम बोर्डले गर्नुपर्ने सबै काम कारबाही सञ्चालन गर्ने।

(ढ) प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने।

**११. कार्यकारी समितिको बैठक**:

(१) कार्यकारी समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नेछ।

(२) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी समितिका कम्तिमा पचास प्रतिशत सदस्यले कार्यकारी समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र कार्यकारी समितिको बैठक बोलाउनु पर्नेछ।

(४) कार्यकारी समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । यस उपदफा बमोजिम गणपूरक संख्या नपुगेको कारणले कार्यकरी समितिको बैठक हुन नसकेमा सदस्यहरूलाई कम्तिमा तीन दिनको सूचना दिई पुनः बैठक बोलाउनु पर्नेछ ।

(५) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले वा उपाध्यक्ष समेत अनुपस्थित भएमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(६) कार्यकारी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा, अध्यक्षले निर्णायक मत दिनेछन् ।

(७) कार्यकारी समितिले गरेका निर्णयहरू माइन्यूटमा अभिलेख गर्नुपर्नेछ र सचिवले यसलाई कार्यकारी समितिका सबै सदस्यहरूलाई समीक्षाको लागि उपलब्ध गराउने छन् । सदस्यहरूले माइन्यूट प्राप्त भएको ४८ घण्टाभित्र लिखित रूपमा सो सम्बन्धमा आफ्नो राय वा परिमार्जनका लागि सुझाव दिन सक्नेछन् । तोकिएको समयभित्र कुनै राय प्राप्त नभएमा माइन्यूट स्वीकृत भएको मानिनेछ।

(८) कार्यकारी समितिको बैठकका निर्णयहरू बोर्डको कार्यालयमा राखिनेछ ।

(९) बोर्डको सञ्चालनसँग सम्बन्धित कुनै पनि विषयमा कार्यकारी समितिलाई राय सल्लाह आवश्यक परेमा कार्यकारी समितिले उप–समितिहरू गठन गर्न सक्नेछ ।

(१०) यस ऐन बमोजिम कार्यकारी समितिको बैठक बोलाउने र सञ्चालन गर्ने जिम्मेवारी सचिवको हुनेछ र निजले सबै सदस्यहरूले त्यस्ता बैठकको सूचना समयमै प्राप्त गरेको सुनिश्चित गर्नुपर्नेछ ।

(११) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य व्यवस्था कार्यकारी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. कार्यकारी समितिका सदस्यको भत्ता, पारिश्रमिक र सुविधा**:

(१) सदस्यहरूले बैठकमा भाग लिए बापत कार्यकारी समितिले तोके बमोजिम भत्ता पाउनेछन्।

(२) बोर्डको काम कारबाही सञ्चालन गरे बापत कार्यकारी समितिका सदस्यहरूले पाउने अन्य पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४
## कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

**१३. कार्यकारी निर्देशकको नियुक्ति**:

(१) कार्यकारी समितिले बोर्डको प्रशासनिक प्रमुखको रूपमा काम गर्न तोकिए बमोजिमको व्यक्तिलाई कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) कार्यकारी निर्देशकको पदावधि नियुक्तिको मितिबाट पाँच वर्षको हुनेछ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो कर्तव्य पालना नगरेमा, बोर्डको हित विपरीत काम गरेमा, अनैतिक गतिविधि गरेमा, निज कुनै खराब आचरणमा लागेमा वा कार्यकारी समितिको निर्देशन अनुसार आफ्नो कर्तव्य पालना नगरेमा कार्यकारी समितिले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ। तर यसरी पदबाट हटाउनुअघि कार्यकारी निर्देशकलाई सफाइ पेश गर्ने उपयुक्त अवसर प्रदान गरिनेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवा सम्बन्धी शर्त र अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

(५) कार्यकारी निर्देशकले कार्यकारी निर्देशकको रूपमा कार्यभार सम्हाल्नुअघि अनुसूची–१ मा तोकिएको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

**१४. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार**:

(१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यकारी समितिको निर्णय, निर्देशन र समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

(ख) बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने र कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने।

(ग) प्रमुख कार्यसम्पादन सूचकहरूका आधारमा कार्यसम्पादन प्रतिवेदन तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने।

(घ) बोर्डको लागि आवश्यक जनशक्तिको नियुक्तिका लागि कार्यकारी समिति समक्ष सिफारिस गर्ने।

(ङ) बोर्डद्वारा सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र सम्पन्नताको नियमित रूपमा अनुगमन गर्ने।

(छ) समितिबाट स्वीकृत हुनुपर्ने प्रस्तावहरू समिति समक्ष पेश गर्ने।

(ज) बोर्डका दैनिक कार्य सञ्चालनका लागि व्यवस्थापन टोली अन्तर्गतका कर्मचारीहरूको व्यवस्थापन, परिचालन, अनुगमन र कार्यसम्पादनको मूल्याङ्कन गर्ने ।

(झ) कार्यकारी समितिले दिएको निर्देशन अनुसार र कार्यविधिमा उल्लेख गरिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

१५. **कर्मचारी सम्बन्धी व्यवस्था** :

(१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू, आचार संहिता र अवकाशको प्रक्रिया तोकिएबमोजिम हुनेछन् ।

(३) बोर्डले दफा ३ को उपदफा (५) बमोजिम विघटित खानेपानी उपभोक्ता संस्थाका कर्मचारीहरूलाई बोर्डको व्यावसायिक आवश्यकता र तोकिएको न्यूनतम योग्यता तथा छनोट मापदण्डका आधारमा नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद ५
## बोर्डको विशेषाधिकार

१६. **ऋण तथा सहयोग लिन सक्ने** : बोर्डले आवश्यकता अनुसार नेपालभित्रको कुनै बैंक वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण वा सहयोग लिन सक्नेछ ।

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु अघि बोर्डले नगरपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

**१७. लगानी गर्न सक्ने** :

(१) बोर्डले दफा २३ बमोजिमको कोषमा जम्मा भएको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी नगरपालिकाको पूर्व स्वीकृति लिई लगानी गर्न सक्नेछ ।

**(२)** उपदफा **(१)** बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिए बमोजिम हुनेछन् ।

**१८. घर वा जग्गामा प्रवेश गर्न सक्ने**:

(१) बोर्डको कुनै पनि कर्मचारी वा अधिकारीले कार्यालय समयमा सम्बन्धित व्यक्तिलाई कारणसहित पूर्वसूचना दिई उपभोक्ताको घर वा जग्गामा प्रवेश गरी आफ्नो पदीय कर्तव्य र काम कारबाही गर्न सक्नेछन् ।तर कुनै व्यक्तिले बोर्डबाट प्रदान गरिएका सेवाको दुरूपयोग गरिरहेको पाइएमा वा बोर्डलाई त्यस्तो दुरूपयोग भएको आशंका गर्ने उचित आधार भएमा निजको घर वा जग्गामा प्रवेश गर्न पूर्वसूचना दिन आवश्यक पर्ने छैन ।

(२) बोर्डको अनुमतिपत्र लिई वा बोर्डसँग सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकलाई समेत उपदफा (१) बमोजिमको अधिकार प्राप्त हुनेछ।

**१९. निजी वा सार्वजनिक सम्पत्तिमा पाइप बिच्छयाउन सक्ने**:

(१) बोर्डले उपभोक्ताहरूलाई खानेपानी वा सरसफाइ सेवा प्रदान गर्ने प्रयोजनका लागि निजी वा सार्वजनिक जग्गामा पाइप बिछयाउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिछयाउँदा वा सम्बन्धित अन्य संरचना बनाउँदा कुनै व्यक्तिको निजी घर वा जग्गामा क्षति पुगेमा बोर्डले प्रचलित कानून बमोजिम प्रभावित व्यक्तिलाई मनासिब क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।

**२०. सेवा प्रदायकबाट शुल्क लिन सक्ने** :

(१) बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवा प्रदायकसँग तोकिए बमोजिम शुल्क लिन सक्नेछ।

(२) बोर्डले कुनै सेवा प्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमति दिएकोमा अनुमतिपत्रमा उल्लेख भए बमोजिमको रकम त्यस्तो सेवा प्रदायकबाट असुल उपर गर्नेछ।

**२१. अतिरिक्त दस्तुर लगाउने** :

(१) उपभोक्ताले सेवाको उपयोग गरे बापत तिर्नु पर्ने महसुल समयमै भुक्तानी नगरेमा तोकिए बमोजिम जरिवाना लिन सकिनेछ।

(२) बोर्डले आफ्नो नियमित सेवाभन्दा बढी सेवाहरू प्रदान गरेको अवस्थामा बोर्डले तोकिए बमोजिम र प्रचलित कानून बमोजिम सेवा बापतको महसुल र शुल्कमा अतिरिक्त शुल्क लगाउन सक्नेछ।

(३) बोर्डसँग सम्झौता गरी वा बोर्डको अनुमति प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले समेत उपदफा (२) बमोजिम अतिरिक्त शुल्क लगाउन र उठाउन पाउनेछ।

**२२. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने** :

(१) यस ऐन वा प्रचलित कानुन बमोजिम निर्धारित महसुल वा दफा २१ बमोजिमको अतिरिक्त शुल्क समयमै नबुझाउने उपभोक्तालाई प्रदान गरिने सेवाहरू बोर्डले निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा निलम्बन वा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद ६

## बोर्डको कोष, लेखा र लेखापरीक्षण

**२३. बोर्डको कोष**:

(१) बोर्डको आफ्नै कोष हुनेछ, जसमा देहाय बमोजिममा रकम रहनेछन:

(क) नेपाल सरकारबाट प्राप्त रकम।

(ख) प्रदेश सरकारबाट प्राप्त रकम।

(ग) नगरपालिकाबाट प्राप्त रकम।

(घ) कुनै पनि विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा विदेशी निकायबाट प्राप्त रकम।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय वा संस्था वा संगठनबाट प्राप्त ऋण, सहयोग र अनुदान।

(च) उपभोक्ताहरूबाट प्राप्त महसुल, सेवा शुल्क र जरिवाना ।

(छ) बोर्डलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।तर खण्ड (घ) र (ङ) बमोजिमको रकम प्राप्त गर्नुअघि बोर्डले नगरपालिका मार्फत नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(२) बोर्डको सबै रकम बोर्डको नाममा 'क' वा 'ख' वर्गको इजाजतपत्र प्राप्त बैंकमा खाता खोलेर जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२४. उपभोक्ता संरक्षण कोष** :

(१) दफा ३० बमोजिम जरिवाना बापत प्राप्त गरेको रकम जम्मा गर्न बोर्डले एक उपभोक्ता संरक्षण कोष गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सेवालाई नियमित गराउन, आवश्यकता अनुरूप सेवा प्रणालीको मर्मत सम्भार गर्न वा पुनर्निर्माण गर्न तोकिए बमोजिम उपभोक्तालाई अनुदान दिने काममा प्रयोग गरिनेछ ।

**२५. बोर्डको लेखा र लेखापरीक्षण**:

(१) बोर्डको आम्दानी र खर्चका लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राखिनेछ ।

(२) बोर्डको वित्तीय विवरण र सोसँग सम्बन्धित अभिलेख नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएको र कार्यकारी समितिद्वारा नियुक्त स्वतन्त्र लेखापरीक्षकद्वारा गरिने वार्षिक वैधानिक लेखापरीक्षणको अधीनमा रहनेछ । यस्तो लेखापरीक्षण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) बोर्डले तोकिए बमोजिम आफ्नो लेखा र कार्यसञ्चालनको आन्तरिक लेखापरीक्षणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(४) बोर्डले प्रभावकारी कार्यसञ्चालन सुनिश्चित गर्न तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(५) नगरपालिकाले आवश्यक ठानेमा बोर्डको हिसाब किताब र सम्बन्धित कागजात जुनसुकै बेला जाँच गर्न, गराउन सक्नेछ।

(६) उपदफा (२) बमोजिम तयार गरिएको लेखापरीक्षण प्रतिवेदन कार्यकारी समिति समक्ष पेश गर्नुपर्नेछ र पारदर्शिता सुनिश्चित गर्न सो प्रतिवेदन बोर्डको वेबसाइटमा प्रकाशित गर्नुपर्नेछ। लेखापरीक्षण सम्पन्न भएको एक हप्ताभित्र त्यस्तो प्रतिवेदनको एक प्रति नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

(७) बोर्डको लेखा र लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ७

## न्यायिक समिति, उपभोक्ता पृष्ठपोषण र गुनासो व्यवस्थापन

**२६. उपभोक्ता पृष्ठपोषण टोली (प्यानल) को गठन** :

(१) सेवा प्रवाह तथा सञ्चालनमा उपभोक्ता संरक्षण, सहभागितामूलक योजना तर्जुमा र अर्थपूर्ण नागरिक संलग्नतालाई प्रवर्द्धन गर्न बोर्डले उपभोक्ता पृष्ठपोषण (प्यानल) गठन गर्नेछ।

(२) उपभोक्ता पृष्ठपोषण टोली (प्यानल) को संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) उपभोक्ता पृष्ठपोषण टोली (प्यानल) ले सार्वजनिक सुनुवाइ आयोजना, उपभोक्ता सन्तुष्टिको मूल्याङ्कन गर्ने, गराउने र योजना तर्जुमा एवं सेवा सुधार प्रक्रियाहरूमा आवश्यक सुझाव प्रदान गर्नेछ।

(४) उपभोक्ता पृष्ठपोषण टोली (प्यानल) को काम कारबाही सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र सोको स्वीकृति नगरपालिकाबाट गराउनु पर्नेछ।

(५) उपभोक्ता पृष्ठपोषण टोली (प्यानल) को कार्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२७. न्यायिक समिति तथा गुनासो व्यवस्थापन समितिको गठन**:

(१) सेवाहरूसँग सम्बन्धित उजुरी तथा गुनासो सम्बोधन गर्न बोर्डले न्यायिक समिति तथा गुनासो व्यवस्थापन समिति गठन गर्नेछ।

(२) बोर्डको न्यायिक समिति तथा गुनासो व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) बोर्डद्वारा गरिने गुनासो दर्ता र समाधानको प्रक्रिया तोकिए बमोजिम हुनेछ र सोको स्वीकृति नगरपालिकाबाट गराउनु पर्नेछ।

(४) उपदफा (१) अनुसार गठित गुनासो व्यवस्थापन समितिले तोकिएको समयभित्र बोर्डद्वारा प्रदान गरिएको सेवा सम्बन्धी उजुरी वा गुनासो समाधान नगरेमा प्रभावित उपभोक्ताले प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय समक्ष गुनासो पेश गर्न सक्नेछन्।

(५) गुनासो सुनुवाइ र समाधान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ८
## महसुल निर्धारण

**२८. महसुल निर्धारण गर्ने अधिकार**:

**(१)** खानेपानी सेवा महसुल निर्धारण गर्न नगरपालिकामा एक महसुल निर्धारण समिति रहनेछ। समितिको गठन तोकिए बमोजिम हुनेछ । समितिले मौजुदा महसुलको समीक्षा गरी आवश्यक परेमा प्रचलित कानून बमोजिम सोको पुनरावलोकन गर्न सक्नेछ ।

**(२)** उपदफा (१) बमोजिम खानेपानी महसुल निर्धारण गर्दा खानेपानी सेवा सुचारु गर्न सञ्चालन तथा मर्मतसम्भार लागत, पूर्वाधार विस्तार र स्तरोन्नतिको लागत, मुद्रास्फीति, सामाजिक–आर्थिक पक्ष र प्रचलित कानून बमोजिम अन्य सान्दर्भिक विषय लगायत लागत उठ्ती सिद्धान्तहरूद्वारा मार्गनिर्देशित हुनेछ ।

**(३)** खानेपानी सेवा सञ्चालन, व्यवस्थापन लागत उठ्ती सिद्धान्तद्वारा निर्देशित हुनेछ । तर, नगरपालिकाले पहिचान गरेका विपन्न व्यक्ति वा परिवारहरूलाई बोर्डले आफ्नो सेवा उपयोगका लागि अनुदान प्रदान वा शुल्क छुट दिन सक्नेछ । साथै तोकिएको महसुल रकम तोकिएको अवधिभित्र बुझाउने ग्राहकलाई महसुलमा छुट दिन सकिनेछ ।

**(४)** खानेपानी सेवाको महसुल निर्धारण सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ९
## <u>बोर्डको कार्यसम्पादन व्यवस्थापन ढाँचा</u>

**२९. कार्यसम्पादन व्यवस्थापन प्रणालीको स्थापना**:

(१) कार्यकारी समितिले सञ्चालन इजाजतपत्रका सर्तहरू अनुरूप सेवा प्रणालीको प्रभावकारी सञ्चालन, वित्तीय दिगोपना र सेवा गुणस्तर सुनिश्चित गर्न प्रमुख कार्यसम्पादन सूचकहरू सहितको कार्यसम्पादन व्यवस्थापन प्रणाली स्थापना गर्नेछ।

(२) कार्यकारी समितिको कार्यसम्पादन मूल्यांकन निर्दिष्ट भूमिका र जिम्मेवारी अनुरूप वार्षिक रूपमा एक स्वतन्त्र तेस्रो पक्षद्वारा गरिनेछ र यसको नतिजाले विकास, उत्तराधिकार योजना तर्जुमा र पुनर्नियुक्ति वा पदबाट हटाउने सम्बन्धी निर्णयहरूलाई सूचित गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापित कार्यसम्पादन अनुगमन प्रणालीको कार्यसञ्चालन आवश्यकता, सरोकारवालाहरूको पृष्ठपोषण र नियामक हेरफेरको आवश्यकताका आधारमा वार्षिक रूपमा समीक्षा गरी अद्यावधिक गरिनेछ।

(४) बोर्डले तोकिए बमोजिम आफ्नो कार्यसम्पादनको आवधिक समीक्षा गरी सोको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ। यस्तो प्रतिवेदन बोर्ड र नगरपालिकाको वेबसाइटमा समेत प्रकाशित गर्नुपर्नेछ।

(५) नगरपालिकाले आफ्नो कार्यसम्पादन सुधारका लागि सुधारात्मक कारबाही गर्न बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनहरूको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

(६) सेवा प्रवाह, वित्तीय दिगोपना, पूर्वाधार तथा मर्मतसम्भार र कार्यसञ्चालन तथा पारदर्शिता लगायत कार्यसम्पादन क्षेत्र सम्बन्धी न्यूनतम प्रमुख कार्यसम्पादन सूचकहरू र कार्यसम्पादन व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी अन्य विषय तोकिए बमोजिम र दफा ३ बमोजिमको इजाजतपत्रमा उल्लिखित सर्त अनुरूप हुनेछ।

## परिच्छेद १०

## कसूर र सजाय

**३०. कसूर र सजाय:**

(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, नियमावली वा विनियमावलीको उल्लङ्घन गरी देहायका कुनै पनि कार्य गर्ने व्यक्तिले कसूर गरेको मानिनेछ। बोर्डले आवश्यक छानबिन गरी कसूरको प्रकृति र गम्भीरताका आधारमा देहाय बमोजिम सजाय गर्न सक्नेछः

(क) पूर्वाधारमा क्षति: सेवा प्रणालीसँग सम्बन्धित कुनै पनि संरचना, उपकरण वा पूर्वाधार भत्काउने, क्षति वा हानि पुर्याउने व्यक्तिलाई मर्मत वा प्रतिस्थापन लागत बराबरको क्षतिपूर्ति बापत रू. ५०,००० सम्म जरिवाना हुनेछ।

(ख) अनधिकृत प्रयोगः अनुमति बिना सेवाहरूको प्रयोग वा दुरूपयोग गर्ने कुनै पनि व्यक्तिलाई रू. २०,००० जरिवाना हुनेछ।

(ग) जनस्वास्थ्यमा जोखिमः कुनै पनि व्यक्तिले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गरी खानेपानी प्रणालीमा दूषित वा क्षति पुर्याउने वा त्यस्तो प्रयास गरेमा निजलाई रू. २५,००० सम्म जरिवाना हुनेछ।

(घ) उपकरण वा प्रणालीमा अवरोधः उपकरण, सफ्टवेयर वा अन्य कुनै सेवा प्रणालीको सञ्चालनमा अवरोध वा हस्तक्षेप गर्ने व्यक्तिलाई रू. १५,००० सम्म जरिवाना हुनेछ।

(ङ) पाइपलाइन तोड्ने/बिगार्नेः सेवा प्रणालीको अंशको रूपमा रहेको पाइपलाइन वा जडान चोरी गर्ने, क्षति पुर्याउने वा बिगार्ने गर्ने कुनै पनि उपभोक्ता वा व्यक्तिलाई रू. २०,००० सम्म जरिवाना हुनेछ।

(च) अवैध जडानः बोर्डको स्वीकृति बिना अवैध रूपमा खानेपानी सुविधा जडान गर्ने, गराउने कुनै पनि व्यक्तिलाई रू. १५,००० सम्म जरिवाना हुनेछ र निजले आफ्नै खर्चमा त्यस्तो जडान हटाउनु  पर्नेछ।

(छ) बोर्डको निर्देशन अवज्ञाः यस ऐन बमोजिम बोर्डले दिएको लिखित निर्देशन वा सूचना पालना नगर्ने कुनै पनि व्यक्तिलाई रू. १०,००० सम्म जरिवाना हुनेछ।

(२) यस दफा बमोजिम कुनै पनि जरिवाना लगाउनुअघि बोर्डले कसूर गरेको भनिएका व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने उचित अवसर प्रदान गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम लगाइएको जरिवाना तोकिएको अवधिभित्र नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) कसूर र सजाय सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ११

## विविध

**३१. नियम बनाउने अधिकार**:

**(१)** यस ऐनको उद्देश्य प्राप्तिका लागि आवश्यक नियमावली तथा निर्देशिका तर्जुमा गर्ने अधिकार बोर्डलाई हुनेछ र त्यस्ता नियमावली तथा निर्देशिकाहरू नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछन्।

**(२)** यस ऐनको उद्देश्य प्राप्तिका लागि आवश्यक नेपालको प्रचलित कानून र यस ऐन बमोजिम विनियमावली र निर्देशिका बनाउने अधिकार बोर्डलाई हुनेछ । यस्ता विनियमावली र निर्देशिकाहरू कार्यकारी समितिबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा **(१)** बमोजिम तयार गरी पेश गरिएको प्रतिवेदन बोर्ड र नगरपालिकाको वेबसाइटमा प्रकाशित गर्नुपर्नेछ।

**३२. वार्षिक प्रतिवेदन पेश गर्ने**:

**(१)** बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ । प्रतिवेदनमा देहाय बमोजिमका विषय समावेश गर्नुपर्नेछ**:**

(अ) बोर्डको लेखापरीक्षण गरिएको वित्तीय प्रतिवेदनहरूको विवरण,

(आ) वर्षभरि गरिएका गतिविधिहरूको प्रगति प्रतिवेदन,

(इ) तोकिए बमोजिमको अन्य कुनै जानकारी।

**३३. बाधा अड्काउ फुकाउने अधिकार**:

(१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्देशन जारी गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ।

(२) यस्ता निर्देशनहरू यस ऐनमा उल्लिखित व्यवस्थासँग बाझिनु हुँदैन।

**३४. शाखा कार्यालयहरू तथा समिति गठन गर्न सक्ने**:

कार्यकारी समितिले आफ्नो कार्यसम्पादन गर्न आफ्नो भौगोलिक क्षेत्रमा आवश्यकता अनुसार शाखा कार्यालयहरू स्थापना गर्न तथा विषय विज्ञहरू सहितको समिति गठन गर्न सक्नेछ। समिति र यसका सदस्यहरूको काम, कर्तव्य, अधिकार र सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

**३५. संशोधन, खारेजी र बचाउ**:

(१) नगर कार्यपालिकाले यस ऐनमा उल्लिखित कुनै पनि दफा र उपदफा थपघट एवं संशोधन गर्न सक्नेछ।

(२) यस ऐनसँग बाझिने कुनै पनि कानून यसरी बाझिएको हदसम्म खारेज भएको मानिनेछ।

(३) खानेपानी व्यवस्थापन सम्बन्धी यसअघि बनेका कुनै पनि कानून अन्तर्गत भए गरेका काम कारबाही यस ऐनसँग नबाझिएकोमा यसै ऐन बमोजिम गरिएको मानिनेछ।

# अनुसूची–१

**(दफा ७ र १३ सँग सम्बन्धित)**

## शपथ ग्रहणको ढाँचा

## पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाइ बोर्ड

म................................. (नाम) ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक शपथ लिन्छु कि म पाँचखाल खानेपानी व्यवस्थापन बोर्डको.......................... (पद) को हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्यपालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी मेरो ज्ञान र विवेकले भ्याएसम्म निष्पक्षताका साथ इमानदारीपूर्वक र कर्तव्यबोधका साथ पूरा गर्नेछु र मेरो कर्तव्य पालनको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानुनको पालनाको सिलसिलामा बाहेक कुनै पनि अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन।

| **शपथ ग्रहण गर्ने व्यक्तिको हस्ताक्षर** | **शपथ प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर** |
|---|---|
| नामः................................................ | नामः................................................ |
| पदः<br>................................................... | पदः .................................................. |
| मितिः............................................... | मितिः............................................... |

आज्ञाले,

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति: २०८३/०३/३१